मन्थली नगर
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णयहरु :

१. अघिल्लो बैठकमा भएका निर्णयहरु र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समीक्षा गरियो । बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक पाइयो ।

२. नेपालको संविधान २०७२ एवं स्थायीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम विधायिका अधिकारको रुपमा रहेको मन्थली नगरपालिकाको नगरसभा (चौधौं हिउँदे / विधेयक अधिवेशन) २०८० पौष २५ गते विहान १० बजे नगरपालिकाको सभाहलमा गर्ने ।

३. आगामी आ.व. २०८१/०८२ का लागि संघीय समपुरक र विशेष अनुदान तथा प्रदेश समपुरक र विशेष अनुदानका लागि देहायानुसारका आयोजनाहरु राष्ट्रिय योजना आयोग र वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

राष्ट्रिय योजना आयोगका लागि

समपुरक अनुदान

क वडा कार्यालय भवन निर्माण ( ४, ५, ६, ९ र १२ नं. वडाहरु)

ख मन्थली वाल उधान तथा खुला व्यायामशाला निर्माण आयोजना

विशेष अनुदान

क फोहोर मैला व्यवस्थापन

ख हुलाक डाँडा इन्छिन सडक

वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयका लागि

प्रदेश समपुरक अनुदान

क. देविटार फुलासी सडक वडा नं १३

ख. सावाँडाँडा पशुपति सिक्राल साउनेपानी सडक वडा नं १२

ग. ठुली मदौं अर्चले ठाँठी कठजोर सडक वडा नं ३

घ. मन्थली भलुवाजोर हुलाकडाँडा सडक वडा नं ६

प्रदेश विशेष अनुदान

क. चिसापानी पिपलडाँडा वडा कार्यालय सडक

ख. भुत्याखोला टेकानपुर कठजोर सडक

२०८०/९/१२
...प्रसाद खापमाई
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

ग. तामाकोशी जोरेआँप सिचाई वडा न १ र ३

घ. तामाकोशी लिपिङटार लहरेपानी सिचाँई, वडा न ११

ङ. नारायणटार कोखे कुलो लाइलिङ्ग विस्तार, वडा न ७

च. सिम्लेखोला लिपिङ्गटार सामलिस्थान सिचाई, वडा नं ४

छ. सामुदायिक भवन गैराथोक वडा न ४

ज. कुनौरी डाँडाखर्क कालिका मा वि सडक

४. यस नगरपालिकाको कार्यपालिका वैठकमा विधेयक समिति मार्फत पेश भएको स्थानीय वन विधेयक २०८० अध्ययन पश्चात सुझाव सहित आगामी वैठकमा पेश गर्ने ।

५. चालु आ.व. को लागि स्वीकृत विनियोजन ऐन संशोधनको लागि संशोधन गर्न आवश्यकता महशुस गरिएका पुँजीगत तर्फका कार्यक्रम र बजेट वडा समितिको निर्णय सहित २०८० पौष २२ गते भित्र योजना शाखामा पेश गर्ने ।

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार नव प्रवर्तनमा आधारित आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न मापदण्ड पुरा भएका स्थानीय तहको सूचीमा यस नगरपालिकालाई समेत समावेश भएकोले कार्यविधिको पूर्ण परिपालना गर्दै नव प्रवर्तनमा आधारित आर्थिक विकासका कार्यक्रमहरु सञ्चालनको लागि मन्त्रालयवाट प्राप्त हुने रकममा नगरपालिकाको तर्फवाट २५ प्रतिशत लागत साझेदारी व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

७. सघन शहरी तथा भवन निर्माण आयोजनावाट यस आ व २०८०/०८१ मा सञ्चालन हुने मन्थली न पा वडा न १४,१०, ८ र ६ पोखरी डाँडा चनखु गाइखुरा मुगिटार साठीमुरे कल्लेरी पिखुरी सडकको कार्यक्रम देहायका स्थानहरुमा सञ्चालन गर्न सिफारिस गर्ने ।

क भटौली जिरो किलोवाट वडा कार्यालय हुदै कछौनी सडक वडा न ७ रु, १ करोड

ख पोखरी विस्ली पशुपति खडकाटोल वडा न १४ रु १ करोड ।

८. विधेयक समिति मार्फत १९ औ वैठकमा पेश भएको निगरानी समूह (सञ्चालन एवं व्यवस्थापन ) कार्यविधि २०८० संशोधन सहित पारित गर्ने ।

९. यस मन्थली नगरपालिका नगरकार्यपालिकाको प्रवक्ता कार्यपालिका सदस्य एवं वडा अध्यक्ष श्री गोपाल श्रेष्ठलाई तोक्ने ।

२०८०/९/१९

१०. साँस्कृतिक संरक्षण तथा सामाजिक विकास केन्द्र नेपालको "साँस्कृतिक संग्रहालय" को जम्मा आपतकालिन सेवा केन्द्र (सेफहाउस) को पश्चिम तर्फको जग्गा सम्वन्धित निकायमा सिफारिस गर्ने ।

११. यस नगरपालिकाको वडा नं २ भुत्याखोला पुलको पूर्व पट्टि सार्वजनिक क्षेत्रमा सडकको क्षेत्राधिकार छोडी विदुतीय चार्जिङ्ग स्टेशन निर्माणका लागि नेपाल विधुत प्राधिकरणमा सिफारिस गरी पठाउने ।

१२. संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना मन्थली रामेछापको च न ७८, मिति २०८०/०९/०६ को पत्रानुसार मन्थली नगरपालिका वडा न ५ समेत समावेश खानेपानी वितरण प्रणाली सहितको रामेछाप वृहत (पम्पिङ्ग) खानेपानी आयोजना निर्माणधिन अवस्थामा रहेको तथा हाल सो वडा रामेछाप वृहत खानेपानी आयोजनाको खानेपानी सम्वन्धी क्षेत्रधिकार भित्र परेतापनि त्यस वडा भित्रका पुराना सञ्चालनमा रहेका खानेपानी योजनाका ट्याङ्कीहरुमा त्यस आयोजनावाट स्रोत थप्ने कार्यक्रम नरहेको र चालु आ व २०८०/०८१ मा सो क्षेत्रमा आयोजनाको पानी वितरण गर्न सक्ने सुनिश्चितता नभएको भनी पत्राचार भएको सन्दर्भमा यस नगरवाट नगर वडा साझेदारी कार्यक्रम अन्तर्गत विनियोजित वजेट कार्यान्वयन गर्ने क्रममा उक्त आयोजनाका गतिविधिसँग दोहोरोपना नहुने गरी आपसमा समन्वय समेत गरी ट्याङ्की निर्माण तथा खानेपानी विस्तार आयोजना कार्यान्वयन गर्ने ।

१३. मन्थली सुनारपानी सालु साँघुटार घोराखोरी सडकको मन्थली सुनारपानी च्याउकेठाँठी खण्ड सडक राष्ट्रिय सडकमा दर्ताको लागि सिफारिस गर्ने ।

१४. यस नगरपालिकावाट आ व २०७९/०८० मा सम्पादित कार्यहरुको स्थानीय तहको संस्थागत स्व मूल्याङ्कन कार्यविधि २०७७ वमोजिम निर्दिष्ट सूचकहरुको आधारमा मूल्याङ्कन गर्दा ७६.५० प्राप्त भएको र सूधार गर्नुपर्ने सूचकहरुलाई विशेष ध्यान दिइ कार्य गर्न शाखाहरुलाई निर्देशन दिने ।

CamScanner